कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# स्नो रिभर्स लिमिटेड
# Snow Rivers Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेल: info@snowrivers.com.np वेवसाइट: www.snowrivers.com.np

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द बारेको सूचना

स्नो रिभर्स लिमिटेडले आफ्नो जारी पूँजी रु.९३,७५,००,०००/- को २०% अर्थात् रु.१८,७५,००,०००/- रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ समेतको अधिनमा रही आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई १०% अर्थात् रु.९,३७,५०,०००/- रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याईएको जारी पूँजीको १०% अर्थात् रु.९,३७,५०,०००/- रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयरको नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ९३,७५० कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् ४६,८७५ कित्ता तथा संस्थामा कार्यरत कामदार/कर्मचारीहरुलाई २% अर्थात् १८,७५० कित्ता शेयर बाँडफाँड गरी बाँकी रहेको ७,७८,१२५ कित्ता साधारण शेयरहरु मिति २०८३ बैशाख २९ गतेदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा अधिक शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८३ जेष्ठ ०१ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८३ जेष्ठ ०१ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिन पाउने न्यूनतम कित्ता: १० | दरखास्त दिन पाउने अधिकतम कित्ता: १,००० | दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने |
|---|---|---|

### संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | *२०८२/२०८३ पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.५९ | १००.८७ | १०५.०६ | १०७.४६ | १०७.१४ | ११६.६० | १२८.२६ |
| प्रति शेयर आम्दानी (रु.) | ०.४२ | ०.७५ | ४.९८ | ४.९८ | ७.०० | ९.४६ | ११.६५ |
| संचित नाफा (नोक्सान) रु. हजारमा | २,२१९ | ५,६२४ | ३७,९२२ | ५५,९७८ | ६६,९८२ | १,५५,६५९ | २,६४,८९५ |

***नोट :*** ** गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो ।*

### प्रति मेगावाट लागत सम्बन्धी विवरण:

स्नो रिभर्स लिमिटेडद्वारा प्रवर्द्धित "सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" को निर्माण अवधिको ब्याज (IDC) सहित प्रति मेगावाट लागत रु.२०,१४,१४,०००/- (अक्षरेपि बीस करोड चौध लाख चौध हजार मात्र) तथा कुल लागत रु.२,७१,९०,८५,०००/- (अक्षरेपि दुई अर्ब एकहत्तर करोड नब्बे लाख पचासी हजार मात्र) रहेको छ ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि तथा हस्तान्तरण सम्बन्धी विवरण:

यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७८/०७/१२ गते देखि मिति २११३/०७/११ गते सम्म रहेकोले हाल ३१ वर्ष २ महिना बाँकी रहेको छ । साथै, विद्यमान व्यवस्था बमोजिम मिति २११३/०७/१२ गते पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ ।

### परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.१७ वर्ष र
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.७७ वर्ष रहेको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था वमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] BB+ [Pronounced as ICRA NP Issuer Rating Double B Plus]" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations बुझाउँछ । यो मिति २०८२/०६/३१ गते सोहि रेटिङ्ग एजेन्सीबाट अद्यावधिक (Upgraded) भएको हो । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ ।**

**रेटिङ्ग प्रदान गरेको मिति : अक्टोबर १७, २०२५ (मिति २०८२/०६/३१)** **बहाल रहने अवधि : अक्टोबर १६, २०२६ (मिति २०८३/०६/३०)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanimacapital.com

मिति २०८३ जेष्ठ १ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिने ।